**सरावल राजपत्र**

# सरावल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ४ सरावल २०७८ साल

**भाग २**

# सरावल गाउँपालिका

**सरावल गाउँपालिका अन्तर्गत प्राकृतिक प्रकोप पीडित परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धी मापदण्ड २०७८ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाले बनाएको देहाय बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**२०७८ सालको मापदण्ड संख्या २**

**मापदण्डको नामः सरावल गाउँपालिका अन्तर्गत प्राकृतिक प्रकोप पीडित परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७८**

सरावल गाउँपालिका

# सरावल गाउँपालिका अर्न्तगत प्राकृतिक प्रकोप पीडित परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः२०७८/०५/२८
प्रमाणिकरण मिति २०७८/०६/०७
प्रकाशित २०७८/०६/०७

सरावल गाउँपालिका क्षेत्रभित्र प्राकृतिक तथा कृतिम प्रकोप (बाढी, आगलागी, पहिरो, चट्याङ आदी) बाट हुनसक्ने जोखिम न्यूनिकरण तथा व्यवस्थापनको लागि स्थापना भएको विपद व्यवस्थापन कोष सञ्चालन तथा पीडितको तत्काल राहत तथा पूनर्स्थापना गर्नका निमित्त मापदण्ड बनाउन वाञ्छनिय देखिएकोले,

नेपालको संविधान, २०७२ को अनुसूची ८ को बुँदा नं. २० को अधिकार प्रयोग गरी सरावल गाउँ कार्यपालिकाले यो मापदण्ड जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम **"सरावल गाउँपालिका अर्न्तगत प्राकृतिक प्रकोप पीडित परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७८"** रहेको छ।

(२) यो मापदण्ड सरावल राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) कोष भन्नाले सरावल गाउँपालिकाको विपद व्यवस्थापन कोष भन्ने सम्झनुपर्छ।

(ख) स्थानीयवासी भन्नाले सरावल गाउँपालिकाभित्र स्थायी बसोवास गर्ने र गाउँपालिकाभित्रको जग्गाजमिनको हकभोग अधिकार भएको व्यक्ति सम्झनुपर्छ।

(ग) पीडित भन्नाले बाढी, पहिरो, डुबान, आगलागी, चट्याङ आदीका कारण घरबार गुमाएका, आंशिक वा पुर्ण क्षति भएका, बालीनाली, खेतखलिहान आंशिक वा पुर्ण रुपमा नष्ट भएका, कुनै न कुनै रुपमा धनमाल, जीउधन नोक्सान भएका व्यक्ति वा परिवारलाई सम्झनुपर्छ।

(घ) राहत भन्नाले सरावल गाउँपालिका, गाउँ कार्यपालिका बैठकले निर्णय गरे बमोजिम दफा ३ बमोजिमका पीडित परिवारहरुलाई प्रदान गरिने दफा ५ बमोजिमको सामग्री वा नगद सम्झनुपर्छ।

(ङ) स्थानीय तह भन्नाले सरावल गाउँपालिका सम्झनुपर्छ।

(च) वडा कार्यालय भन्नाले सरावल गाउँपालिका अन्तर्गतका ७ वटै वडा कार्यालयहरुलाइ जनाउछ।

३. **अभिलेख राख्नुपर्नेः** (१) यस मापदण्ड बमोजिम राहत देहायका प्रकोप पीडित परिवारलाई प्रदान गर्न सम्बन्धित वडा कार्यालयको अभिलेख तयार गर्नुपर्नेछ।

(क) आंशिक वा पुर्ण रुपमा घर नष्ट भएका परिवार,

(ख) कम्तिमा १० कट्ठा वा कुल जमिनको कम्तीमा आधा भूभाग डुवानमा परी बालीनाली नोक्सान भएका परिवार,

सरावल गाउँपालिका

(ग) खेतीयोग्य जमिन नदी कटान भएका परिवार,

(घ) डुबानमा परी धनमाल, लत्ताकपडा, अन्न आदि नोक्सान भएका परिवार,

(ङ) अन्य प्राकृतिक प्रकोपबाट छति भएको परिवार

(२) यस दफा बमोजिम राहत पाउने परिवारको अभिलेख अनुसूची १ बमोजिमको तथ्यांक सम्बन्धित वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिई सो वडामा क्रियाशिल राजनीतिक दलका प्रतिनिधी एवं स्थानीय प्रहरी चौकीको रोहवरमा तीन दिन भित्र तयार गरी सार्वजनिक गर्नुपर्नेछ ।

४. **राहत वितरण गर्नुपर्ने:** दफा ३ बमोजिमको लगतमा समावेश भएका पीडित परिवारहरुलाई सम्बन्धित वडा कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा विवरण राखी दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नुपर्नेछ ।

५. **राहत सामग्री: (१)** खाद्य आवश्यकताको आधारमा डुबान पीडित वा अन्य प्रकृतिक प्रकोपबाट पिडित परिवारलाई प्रति परिवारका लागि देहाय बमोजिमका खाद्यय समाग्रीहरु कार्यपालिकाको निर्णय बमोजिमको परिमाणमा वितरण गरिनेछ ।

| क.सं. | विवरण | परिमाण |
|---|---|---|
| १) | चामल | |
| २) | दाल | |
| ३) | खानेतेल | |
| ४) | चिउरा | |
| ५) | नुन | |
| ६) | हात धुने साबुन | |

(२) यसै मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिकाको निर्णय बमोजिम वडा कार्यालयले खाद्यान्न सामग्रीको सट्टा सोझै कार्यपालिकाको निर्णय बमोजिमको रकम सोझै भुक्तानी गर्न सकिनेछ ।

(३) एउटा परिवारले एक पटकमात्र राहत पाउनेछ ।

(४) यस मापदण्ड बमोजिमको राहत प्राप्तिका लागि यस अघि अन्य सरकारी वा गैरसरकारी संस्थाबाट डुबान वा अन्य प्राकृतिक प्रकोपबाट पीडितका लागि राहत पाएको व्यक्ति अयोग्य मानिनेछ ।

६.**वितरण गर्ने विधि:** (१) देहायको विधि अवलम्वन गरी दफा ५ बमोजिमको राहत सामग्री वितरण गर्नुपर्नेछ ।

(क) राहत वितरणका लागि वडा कार्यालयबाट प्राप्त तथ्यांकका आधारमा गाउँपालिकाले एकमुष्ट रुपमा वडा कार्यालयलाई रकम उपलब्ध गराउनेछ । यसरी प्राप्त रकमबाट सम्बन्धित वडा कार्यालयले प्रचलित खरिद कानूनको अधिनमा रही खाद्यान्न सामग्री खरिद गरी वितरण गर्नुपर्नेछ ।

(ख) सम्बन्धित वडा विपद व्यवस्थापन समितिले हुनसक्ने सम्भावित भिड तथा अन्य व्यवस्थापकीय समस्याका कारणले वडा समितिबाट वितरण हुन नसक्ने भएमा देहाय बमोजिम गर्ने :

सरावल गाउँपालिका

(अ) स्थानीय तहले आफ्नो क्षेत्रभित्र दफा ५ बमोजिमको सामग्री उपलब्ध गराउन सक्ने स्थानीय आपूर्तिकर्ताबाट मूल्य सूची लिई सोको आधारमा सामग्रीको गुणस्तर तथा मूल्य यकीन गर्ने तथा उपलब्ध भएसम्मका आपूर्तिकर्ता छनौट गर्ने ।

(आ) दफा ३ बमोजिम लगतमा परेका परिवारहरुलाई वडा सदस्य वा अध्यक्षले कुपन उपलब्ध गराई उपखण्ड (१) बमोजिमको आपूर्तिकर्ताबाट राहत सामग्री उपलब्ध गराउने ।

(इ) अन्यत्र जुनसुकै कुरा लेखिएता पनि गाउँपालिका कार्यालयबाट आवश्यकताको आधारमा राहत सामग्री खरिद गरी वा कुपन वितरण गरी राहत उपलब्ध गराउन सक्नेछ ।

(२) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिकाले निर्णय गरी राहत सामग्रीको सट्टा नगदै राहत वितरण गर्न सक्नेछ ।

(३) यसरी राहतस्वरुप सामग्री वा नगद वितरण गर्दा सम्बन्धित वडा अध्यक्षले वडा सदस्य र वडा सचिवको सहयोग लिई सो वडामा क्रियाशिल राजनीतिक दलका प्रतिनिधीहरु एवं स्थानीय प्रहरी चौकीका प्रतिनिधीसमेतको रोहवरमा वितरण गर्नुपर्नेछ ।

७. **राहत वितरणको अभिलेख र प्रतिवेदनः** (१) सम्बन्धित वडाले वितरणको अनुसूची २ बमोजिमको राहत विवरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नुपर्नेछ र एक प्रति गाउँ कार्यपालिका कार्यालयमा अनिवार्य पठाउनुपर्नेछ ।

(२) प्रत्येक वडा कार्यालयले राहतको प्रतिवेदन अनुसूची ३ बमोजिमका ढाँचामा तयार गरी गाउँ कार्यपालिका कार्यालयमा अनिवार्य रुपमा पठाउनुपर्नेछ ।

८. **कारवाही सम्बन्धी व्यवस्थाः** (१) यस मापदण्डमा तोकिएको मापदण्ड पुरा नभएमा, व्यक्तिले झुटा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुदैन ।

(२) यस मापदण्डको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीबाट समेत प्रचलित कानून बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम सम्बन्धित स्थानीय तहले निजबाट असुल गर्नुपर्नेछ ।

सरावल गाउँपालिका

९.**रकम फछ्र्यौटः**

वडा कार्यालयलाई दिइएको पेश्की सरहको रकम राहत वितरण गरी तत्काल फछ्र्यौट गर्नुपर्ने छ। पेश्की रकम फछ्र्यौट गर्दा देहायका कागजात अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

- पेश्की फर्छ्यौटको लागि वडा समितिको निर्णयको प्रतिलिपि
- वडाको सिफारिस पत्र
- अनुसुचि-१
- अनुसुचि-२

- अनुसुचि-३
- अनुसुचि-४
- गाउँपालिकाले स्वीकृत गरेको पिडितको नामावली
- खरिद सम्बन्धी विधी एवं विल भरपाइहरु

सरावल गाउँपालिका

अनुसूची १

(दफा ३ को उपदफा २ संग सम्बन्धित)

# सरावल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी(पश्चिम)

**अभिलेखको ढाँचा**

**राहत प्राप्त गर्ने व्यक्तिको विवरण**

१. नाम, थर:-

२. बाबुको नाम थर :-

३. बाजेको नाम :-

४. स्थायी ठेगाना :-

५. हालको ठेगाना :-

६. सम्पर्क नं. :-

७. क्षतिको विवरण :-

क) घर:..............................................................................

ख) वाली नाली: ...................................................................

ग) धनमाल: ...........................................................................

घ) अन्नपात: .........................................................................

८. पेश गरेको कागजातको विवरण:

९. परिवार संख्या:

१०. वार्षिक अनुमानित आम्दानी: रु.

---

राहत लिने व्यक्तिको स्व:घोषणा :-

म र मेरो परिवार डुबानबाट पीडित छौं । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश भएको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउला ।

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदक :-

दस्तखत :-

मिति :-

**सिफारिस गर्ने पदाधिकारी:-**

**दस्तखत:-**

**नाम:-** **पद:-**

सरावल गाउँपालिका

अनुसूची २
(बुंदा नं. ३ संग सम्बन्धित)

# सरावल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी(पश्चिम)

लुम्बिनी प्रदेश, नेपाल

## वडा नं. ............ को कार्यालय

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा सम्पर्क नं. | बाबुको नाम | बाजेको नाम | परिवार संख्या | क्षतिको विवरण |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

सरावल गाउँपालिका

**राहत वितरण गर्नेको** | **रोहवरः** | **प्रमाणित गर्ने वडाध्यक्षको**

दस्तखतः- | १.............................. | दस्तखतः-

नामथरः- | २. ........................... | नामथरः-

सम्पर्क नं.:- | ३. ............................

मितिः- | ४...............................

अनुसूची ३

(बुँदा नं. ७ को उपबुँदा २ संग सम्बन्धित)

# सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**सरावल, नवलपरासी(ब.सु.प.)**

**लुम्बिनी प्रदेश**

## वडा नं. ....... को कार्यालय

**प्रतिवेदनको ढाँचा**

| सि. नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा सम्पर्क नं. | बाबु/आमाको नाम | बाजेको नाम | राहतको विवरण | मिति | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्नेः

.....................

दस्तखतः

नामथरः

सम्पर्क नं.:

प्रमाणित गर्नेः

.....................

दस्तखतः

नामथरः

मितिः ................................

सरावल गाउँपालिका

अनुसूची ४
(बुंदा नं. ५ संग सम्बन्धित)

# सरावल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सरावल, नवलपरासी(पश्चिम)**

**लुम्बिनी प्रदेश, नेपाल**

राहत कुपनको ढाँचा

# सरावल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सरावल, नवलपरासी(पश्चिम)**

**लुम्बिनी प्रदेश, नेपाल**

**डुबान पीडित परिवारलाई राहत वितरण कुपन**

**कुपन नं. : .............**

**कुपन प्राप्त गर्ने व्यक्तिको नाम थर: ..........................................................................**

| क.सं. | विवरण | परिमाण |
|---|---|---|
| १. | चामल | |
| २. | दाल | |
| ३. | खाने तेल | |
| ४. | चिउरा | |
| ५. | नून | |
| ६. | हात धुने साबुन | |

**वा**

**नगद रु. .......................(अक्षरेपी)**

**प्रमाणित गर्ने:**

- **सामान लिने दिने क्रममा तोकिएको सामाजिक दुरी कायम राख्नुहुन अनुरोध छ।**

आज्ञाले

बुद्ध प्रकाश पौडेल

प्रमुख प्रशासकिय अधिकृत